## प्रारम्भिक सिकाई तथा विकास मापदण्ड
## (Early Learning and Development Standards)

### १. ELDS के हो ?

४८ देखि ६० महिनाका वालवालिकाहरुको शारिरीक, सामाजिक तथा संवेगात्मक, वौद्धिक, भाषिक र साँस्कृतिक विकासको स्तरीकरण गर्ने राष्ट्रिय मापदण्ड हो

### २. यो किन आवश्यक छ ?

- वालवालिकाहरुका विभिन्न विशिष्ट पक्षहरुको न्यूनतम विकासको सुनिश्चितताको लागि अधिकतम प्रयास गर्न,
- वालवालिकाहरुको क्षेत्रगत विशिष्ट पक्षहरुको विकासको मापन रेकर्ड राख्न,
- सम्बन्धित सवै पक्षहरुलाई सुसूचित गर्दै उनीहरुको क्षमता तथा सहयोग अभिवृद्धि गर्न
- प्रारम्भिक वाल विकास (ECD) कार्यक्रमहरुमा एकरुपता ल्याउन,
- (ECD) को पाठ्यक्रम समय सापेक्ष वनाउन,
- (ECD) कार्यक्रमहरुको अनुगमन तथा मूल्यांकन व्यवस्थीत गर्न,

### ३. यस ELDS भित्र के के छन् ? ....................तल दिएको तालिकामा उल्लेख गरिए बमोजिमका कुराहरु छन् ।

| क्षेत्र | उपक्षेत्र | विशिष्ट पक्ष | सिकाई वातावरण तथा क्रियाकलापहरु | विकासका सूचकहरु |
|---|---|---|---|---|
| १. शारिरीक विकास | शारिरीक विकास | स्थूल अंगको विकास | सामग्रीहरु सहितको समन्वयकारी क्रियाकलापहरु गराउने जस्तै : चढ्ने/ओर्लने, सिधा/गोलो घेरामा शरिर तन्काई खेल्ने, दौड्ने, उफ्रने, सन्तुलन मिलाउने | फल्याकमा ३ मी. सम्म हिड्ने, निहुरीएर खुट्टा छुने, ३ किलो वजन १-२ मी. लैजाने, १० मी.सम्म हिड्ने, १० पाईला सम्म उफ्रने, १ मी. सम्म वल फाल्ने र समात्ने |
| | | सुक्ष्म अंग/मांस पेशीको विकास | आँखा र औलाको समन्वय देखिने क्रियाकलापहरु गराउने | च्यात्ने, काट्ने, उन्ने र टाँक लगाउने, चित्र भित्र रंग लगाउने, तुना लगाउने |
| | | ईन्द्रिय अंगहरुको विकास | विभिन्न आवाजहरु पहिचान गर्न लगाउने, स्पर्स गराउने, अवलोकन गराउने, सुघाई/स्वाद छुट्टाउन लगाउने | आवाजहरुको नक्कल, ताल अनुसारको चाल, चिसो/तातो, गन्ध र स्वाद थाहा पाउने, खस्रो/चिप्लो, छुट्टाउने |
| | स्वास्थ्य | तन्दुरुस्ती | स्वास्थ्य परिक्षणको रेकर्ड राख्ने, आराम लिने वानी बसाल्ने | खोप लिएको, आराम लिएको, फुर्तिलो, हँसिलो देखिने |
| | | सरसफाई (व्यक्तिगत) | © वाट व्यक्तिगत सरसफाईका क्रियाकलापहरु गराई वानीको विकास गराउने | सफा, सुग्घर (कपाल, नङ, दाँत, छाला, कपडा) देखिने चर्पीको प्रयोग गर्ने गरेको |
| | | सरसफाई (वातावरणीय) | © बाट वातावरणीय सरसफाईका क्रियाकलापहरु गराई वानीको विकास गराउने | जुत्ता वाहिर, डस्टवीनको प्रयोग, कोठाको सफाई, धारा/पानी, वोटविरुवाको जर्गेना गरेको |
| | | सुरक्षीत अभ्यास (व्यवहार) | खतरावाट बच्ने तरीका र सडकका नियमहरु बताउने/अभ्यास गराउने, सरुवा रोगहरुको वारेमा केही जानकारी दिने | हानीकारक वस्तुबाट बच्ने जस्तै : हतियार, औषधी, बिजुली, खतराको चिन्ह र सडक काट्न जान्ने |
| | पोषण | खानाखाने वानी | खाना खान प्रोत्साहित गर्ने र यसका तरिकाहरुको अभ्यास गराउने | कम्तिमा ५ पटक खाने वानी, खाना राम्ररी चपाएर नहतारीकन खेर नफाली खाने, उमेर अनुसारको तौल |
| २. सामाजिक तथा संवेगात्मक विकास | सामाजिक विकास | वयस्क/साथीहरु वीच सम्बन्ध | © द्वारा अन्तरक्रिया र आदरभाव झल्कने अभ्यासहरु गराउने | सवैसंग सौहार्द सम्बन्ध देखाउने, अन्तरक्रिया/अभिवादन/ आदर गर्ने र सहयोग लिने/दिने |
| | | जीवनपयोगी सीप | सामानहरु तथा सामग्रीहरु ठीक ठाउँमा राख्न सिकाउने, नेतृत्व विकास गराउने, कामको जिम्मा/हौसला प्रदान गर्ने | कम्तीमा दुईवटा निर्देशनको पालना गर्ने, सामानहरुको स्याहार गर्ने, विभिन्न क्रियाकलापहरुमा सहभागी हुने |
| | | सहयोग/ सहकार्यता | © द्वारा आवश्यक सूचकहरुको विकास गराउने जस्तै : अनुमतिवाट सामानहरुको लेनदेने गराउने | अनुभव विचारको आदान प्रदान गर्ने, मिलीजुली र पालैपिलो गर्ने |
| | | सामाजिक व्यवहार | तारीफ गर्ने, धन्यवाद दिने, स-साना भ्रमणहरु गराउने | घुलमिल/क्षमाशिल हुने, उचित व्यवहारप्रति सचेत हुने |
| | संवेगात्मक विकास | स्व:अवधारणा | © द्वारा स्वयमको वारेमा वताउने मौका/वातावरण दिने | नाम, उमेर, लिङ्ग, मनपर्ने/नपर्ने, सक्ने काम, ईच्छा आदि वताउने |
| | | संवेग प्रकट | कथा/घटनाको व्याख्या हाउँभाउँ र अभिनय वाट गर्ने/गराउने | अरुको कुरा बुझ्ने/महत्व दिने, ताली बजाउने, डर, रिस चिन्ता गर्ने |
| | | संवेगात्मकसुरक्षा/ आत्मविश्वास | समूहगत विभिन्न क्रियाकलापहरु गर्ने वातावरण मिलाई दिने | छलफल तथा सहभागितामा सुरक्षित एवं आत्मविश्वासी देखीने |
| | | संवेगहरुको सन्तुलन | सकारात्मक/नकारात्मक संवेगहरु प्रकट गराउने र त्यसका फाईदा/वेफाइदाहरु वताईदिने | पालो पर्खने, सहायता लिने/दिने, अबस्था अनुसारको संवेग प्रकट गर्ने, नकारात्मक भावना घट्को |
| ३. वौद्धिक विकास | संज्ञा नात्मक विकास | वौद्धिक सीप तथा सिकाई प्रक्रिया | पजल तथा डोमीनोको खेलहरु, घटनाक्रमका कथाहरु भन्ने, वार/महिनाका चार्टहरुको प्रयोग गराउने | एकाग्रता, खोज, लगनशीलता, चुनौतीको सामना, तर्क, कारण, उपाय, प्रतिफलको अनुमान, घटनाको सम्झना गर्न सक्ने |
| | वौद्धिक विकास | वर्गीकरण तथा क्रम मिलाउने | नाप, आकार, प्रकार सम्बन्धी विभिन्न क्रियाकलापहरु गराउने | आकार/नापको ज्ञान देखाउने, ज्यामितिय आकार चिन्ने/ भन्ने, मुख्य रङ्गहरु चिन्ने, वस्तुहरुको क्रम र वर्गीकरण गर्ने |
| | वौद्धिक ज्ञान (वैज्ञानिक खोज) | आकाश तथा मौसम | मौसमका चार्टहरु, चित्रहरु, गीतहरु, कथाहरु आदिको प्रयोगवाट विभिन्न क्रियाकलापहरु गराउने | मौसमका विशेषता भन्ने जस्तै: घाम, पानी, तारा, बादल र लुगा (मौसम अनुसारको), छाताको प्रयोग गर्न जान्ने |
| | | सजीव र निर्जीव वस्तुहरु | © को प्रयोग सहित वरीपरीका वस्तुहरु, वोटविरुवा तथा पशुपन्छीको अवलोकन गराउने | शरीरका अंगहरुको नाम, संजीव/निर्जीव छुट्टाउन र कम्तीमा ३-३ वटा विशेषता भन्न, वासस्थान वताउन सक्ने |
| | | वस्तुहरु (पदार्थहरु) | दैनिक प्रयोगका वस्तुहरुवाट डुब्ने, तैरीने चीजहरुका खेल खेलाउने | दैनिक प्रयोगको वस्तुहरु चिन्ने/वर्गीकरण गर्ने, पानीको प्रयोग, डुब्ने, पग्लने, जम्ने कुराहरु बुझ्ने/बताउने |
| | | प्रविधी | टी.भी.,रेडियो, फोन, कम्प्युटर, कुटो, कोदालोवारे छलफल गर्ने | दैनिक प्रयोगका उपकरण र औजारहरुको नाम र काम भन्ने |

| | | | | |
|---|---|---|---|---|
| | | यातायात | सम्बन्धित खेलौना, चित्रहरुको वारेमा छलफल गर्ने/गराउने | उपलब्ध यातायातका कम्तीमा ३ वटा साधनको वारमा वताउने |
| | | दुरी तथा दिशा | © द्वारा उल्टा क्रियाहरु जस्तै: माथि/तल, दायाँ/वायाँ, अगाडी/पछाडी, टाढा/नजीक, भित्र/वाहिर गराउने | दिशा, दुरी, स्थान र अवस्थितीको वारेमा वताउने |
| | | समयको अवधारणा | © द्वारा दैनिक कार्य तालिका/क्यालेन्डरको प्रयोग गर्ने/गराउने | विहान/दिउँसो/वेलुका, दिन/रात, हिजो/आज/भोली, वार/महिना भन्ने |
| | गणित | संख्या | ढुंगाहरु, गेडागुडीहरु आदिको प्रयोग गरि © द्वारा सिकाउने | ०-९ सम्म चिन्न, लेख्न, धारणा र धेरै/थोरै वताउने, गन्ने |
| | | नाप तौल | लठ्ठी, काठका टुक्राहरु, डोरी, धागो, कपडा आदिको प्रयोगवाट नापतौलका विभिन्न क्रियाकलापहरु गराउने | लम्बाई, तौल, मात्रा, लामो/छोटो, अग्लो/होचो, नाप लिने र वताउने |
| | | सिर्जनशील कला | विभिन्न प्रकारका नमूनाहरु वनाउन सिकाउने | चित्र कोर्न, कागज/माटोको समग्री/सामानहरु ब्नाउने, रङ्गाउने |
| | सिर्जनशीलता | परिकल्पना, नाटक र अभिनय | © को प्रयोगवाट कथा/घट्ना अनुसारको अभिनय गराउने | कथा वा कल्पनाको पात्रको अभिनय गर्ने, अपुर्ण कथा पुर्ण गर्ने, वास्तविक र परिकल्पनाको फरक भन्ने |
| | | संगीत र चाल | विभिन्न क्रियाकलापहरु जस्तै : भाडा भित्र ढुङ्गा/गेडागुडी राखी हलाउने, बट्टाहरुलाई लठ्ठीले ठोक्ने आदि | विभिन्न सामग्री (छिन्न बाजा, विर्को, नली) वाट संगीत निकाल्ने, स्वर तथा अङ्गहरु सांङ्गितिक धुनमा प्रयोग गर्ने |
| | सञ्चार | सुनाई | विभिन्न प्रकारका आवाजहरु सुनाउने, नक्कल गराउने, निर्देशन अनुसार कार्य गर्ने (नाकछोऊ...), कथाहरु सुनाउने | आवाजहरु छुट्टयाउने, भाषा बुझ्ने/सुन्ने/जवाफ दिने, निर्देशन पालना गर्ने, १०-१५ मिनेट सम्म कथा सुन्ने |
| ४. भाषिक विकास | | व्यक्तिसंग संचार/अन्तरक्रिया | कथा र नाटकका वोल्ने विषय दिने, कथाहरुमा प्रश्न सोध्ने | स्पष्ट बोल्ने, उपयुक्त शब्दहरुको प्रयोग गर्ने, कुराकानी र प्रश्न/उत्तर गर्ने, विचार भन्ने, पालो पर्खने, आदर देखाउने |
| | साक्षरता | पूर्व पढाई | चित्रकथा पढन सहयोग गर्ने, जोडा मिलाउने खेल खेलाउने, औला सारेर पढ्न लगाउने | चित्रकथाहरु बुझ्ने, विश्लेषण गर्ने, चित्र र शब्द मिलाउने, अक्षरहरु चिन्ने |
| | | पूर्व लेखनअभ्यास | माटो, हावा, वालुवा र कालोपाटी कोर्न प्रोत्साहन गर्ने | चित्र बनाउने, ढाँचाहरु सार्ने, अक्षर कोर्न सक्ने आदि |
| ५. सांस्कृतिक विकास | राष्ट/राष्ट्रियता | विविधतामा एकता | © द्वारा राष्ट्रिय चिन्हरु, नक्सा, झण्डा, गीत प्रयोग गरी नेपालीपन र राष्ट्रियता सिकाउने | जनजाती, भाषाभाषी, सस्कृति, विभिन्न ठाउँका बसोबासी, राष्ट्रिय चिन्हहरु र राष्ट्रिय गीतको कदर गर्ने |
| | मुल्य/मान्यता | परिवार र समुदाय | उनीहरुको मूल्य र मान्यता, चाडपर्वहरु, रुची, खुबी, इच्छा, गर्न हुने /नहुने आदिको वारेमा छलफल गराउने, तिर्थस्थल लैजाने | आफ्नो र परिवारको परिचय दिने, जन्म दिन, चाडपर्व, भोज र विवाहमा सरिक हुने, लुगाकपडा, गरगहना, स्थलहरुको वारेमा वताउने |

*नोट : © ले संकेत गर्ने क्रियाकलापहरुमा कथाहरु, गित, नाटक, अभिनय, खेलहरु र सामग्रीहरुमा चित्र, चार्ट, पजल, डोमीनो, खेलौना आदि पर्दछन ।*

*************************************************************************************************

ARNEC
Asia-Pacific Regional Network for Early Childhood

Global Leaders for Young Children
WORLD FORUM FOUNDATION™

INTERNATIONAL CHILD RESOURCE INSTITUTE
NEPAL

*************************************************************************************